**अनुसूची- २**

(दफा ४  तथा अनसूची-१ को भाग-१ सँग  सम्बन्धित)

बढैयाताल  गाउँपालिका

# बढैयाताल  गाँउपालिकाको राजपत्र

खण्डः क संख्याः २ | प्रमाणीकरण मितिः २०७४/१२/०९

**भाग-१**

**बढैयाताल गाउँपालिका**

**२०७४ सालको ऐन नं. २**

## बढैयाताल  गाउँपालिकाको  प्रशासकीय  कार्यविधि ऐन, २०७४

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहलाई तोकिएका अधिकार क्षेत्रभित्रक विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बढैयाताल गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्तनाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नामबढैयाताल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन बढैयाताल गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ।

२. **परिभाषा** : (१) बिषय वाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले बढैयाताल गाउँपालिकाको प्रशासकीय कार्यविधिऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बढैयाताल गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले बढैयाताल गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा"भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **ऐज <u>बनाउने अधिकार</u>** : नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न बढैयाताल गाउँकार्यपालिकाले आवश्यक ऐन बनाउन सक्नेछ ।

४. **<u>निर्देशिका, कार्यविधि, मापदण्ड र शिक्षा नियमावली वनाउन सक्नेः</u>** संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको ऐनको अधिनमा रही बढैयाताल गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि, मापदण्ड र शिक्षा नियमा वनाई लागूगर्न सक्नेछ ।

बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
५ नं. प्रदेश, नेपाल

**(प्रमाणिकरण गर्ने )**
**नाम :- श्री लाल बहादुर श्रेष्ठ**
**पद :- अध्यक्ष**
**बढैयाताल गाउँपालिका कार्यालय,**
**मैनापोखर ( बर्दिया )**
**प्रदेश नं. ५ नेपाल**